आ.ब. २०७४/०७५ को

नीति, कार्यक्रम तथा बजेट

# बुलिङटार गाउँपालिका
# नवलपरासी (बर्दघाट- सुस्ता पूर्व)
# ४ नं प्रदेस, नेपाल
# २०७५

# <u>बुलिङटार गाउँपालिकाको गाउँसभा २०७५</u>

मिति २०७५ साउन ११ गते शुक्रबार

**बुलिङटार गाउँपालिकाका अध्यक्ष श्री शशिकिरण वस्ताकोटीले गाउँपालिकाको आ.ब. २०७५/०७६ को लागि सम्मानित गरिमामय गाउँसभामा प्रस्तुत गर्नु भएको नीति, कार्यक्रम तथा बजेट वक्तब्य ।**

**<u>यस गरिमामय गाउँ सभाका उपाध्यक्ष ज्यू एवं गाउँसभाका सदस्य ज्युहरु</u>**

बुलिङटार गाउँपालिकाको अध्यक्षको हैसियतले यस सम्मानित गाउँसभा समक्ष आगामी आ ब २०७५/०७६ को नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीतिक परिवर्तनको लागी जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्दान्जली व्यक्त गर्दछु । त्यसैगरी राष्ट्रियता स्वाधिनता लोकतन्त्र सामाजिक न्याय समानता र समृद्दिको लागि संघर्ष गर्नुहुने महान नेपाली नागरिक र त्यसको सवल एवम् सक्षम नेतृत्व गर्नुहुने नेपाली राजनीतिका शिखर व्याक्तित्वहरु प्रति हार्दिक सम्मान प्रकट गर्न चाहान्छु ।

लामो संघर्ष र नेपाली जनताको चाहाना अनुरुप नेपालमा संघिय स्वरुपको समावेशी जनप्रतिनिधिमुलक राज्य प्रणालीको स्थापना भएको छ । स्थानीय तहको निर्वाचनबाट लोकतान्त्रीक शासन प्रणाली संस्थागत भएको छ । यो मौलिक स्वरुपको राजनीतिक उपलब्धीसँगै जनताको भरपर्दो साथ र विश्वास पाएको वर्तमान सरकारलाई बुलिङटार गाउँपालिकाको सम्पूर्ण स्रोत र सामर्थ्यको सदुपयोग गरी विकास र समृद्दिको यात्रामा अविचलित रुपमा अघि बढ्न ठूलो प्रेरणा मिलेको छ ।

यस गाउँपालिकाको कार्यभार समाल्दा गाउँपालिकाको  विकास जनताका आधारभुत आवश्यकताहरुको परिपूर्ति गाउँपालिकाको पूर्वाधार विकास जनताका दैनन्दी व्यवहारमा आईपर्ने समस्याहरुको समाधान तथा सामाजिक एकता कायम गर्ने, केन्द्रिकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पिडनको अन्त्य गर्दै बहुजातिय बहुभाषिक बहुधार्मिक बहुसाँस्कृतिक तथा भौगोलिक विविधता युत्त विषेशतालाई आत्मसाथ गर्दै विविधता विचको एकता सामाजिक साँस्कृतिक ऐक्यवद्ता सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्दन गर्दै वर्गीय जातिय क्षेत्रिय भाषिक धार्मीक लैङ्गिक विभेद र सवै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्दि र सामाजिक न्याय सुनिश्चित गर्न सहभागीता मुलक सिद्दान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने अभिभारा थियो । उक्त अभिभारालाई पुरा गर्न यस गाउँपालिकाको समग्र विकास गरी उच्च समृद्दिको बाटोमा डोर्याउन बुलिङटार गाउँपालिका कटिवद्द छ । राज्यको संविधान र मौजुदा ऐन नियम कानुन र कार्यविधिको मुल मर्म र भावनालाई आत्मसाथ गर्दै अघि बढ्ने कुरामा यस बुलिङटार गाउँपालिका प्रतिवद्दता व्यत्त गर्दछ ।

प्राकृतिक रुपमा सुन्दर आर्थिक सामाजिक धार्मिक साँस्कृतिक र पर्यटकिय दृष्टीले महत्वपूर्ण यस बुलिङटार गाउँपालिकाको आ ब २०७५/०७६ को बार्षिक नीति कार्यक्रम तथा बजेट पेश भएको यस सम्मानित गाउँसभामा उपस्थित हुनुभएकोमा हार्दिक स्वागत गर्दछु ।

**सम्मानित गाउँसभाका सदस्यज्यूहरु**

आज हामी यस सम्मानित गरिमामय सभामा बुलिङटार गाउँपालिकाको आगामी भविष्य र भाग्यको मार्गचित्र कोर्नका निमित्त यहाँ उपस्थित भएका छौ ।

मिति २०७३ फागुन २७ गतेको नेपाल सरकारको निर्णयबाट स्थापित भई संघियता कार्यान्वयनको शिशु अवस्थामा रहेको यस गाउँपालिका अहिलेको संक्रमणकालिन तथा विषम परिस्थितिमा थुप्रै चुनौतीहरुका विचमा सम्भावनाको खोजी गर्दै अगाडी बढीरहेको अवस्थामा न्यूनतम पुर्वाधारहरुको समेत अभाव हुँदा सेवा प्रवाहमा सहजता सुनिश्चित हुन सकेको छैन । विगतमा गा वि स हरुको न्युनतम आयश्रोत र केन्द्रको सिमित अनुदानले विकासका गतिविधि संचालन समेत गर्दै न्यूनतम पुर्वाधारहरुको विकास गर्ने अवस्था थिएन । हालै आएर नेपालको संविधान कार्यान्वयन सँगै यस गाउँपालिकामा आएको बजेटमा बृद्दी भएको छ । तथापी स्थानिय सरकार गठन भई कार्य प्रारम्भ भएतापनि केन्द्र सरकारले दरबन्दी अनुसारका कर्मचारीहरुको व्यवस्थापनमा गरेको ढिलाईका कारण बजेट कार्यान्वयन तथा गाउँपालिकाले सेवा प्रवाहमा निकै कठिनाई भोग्नु परेको छ ।

गाउँपालिकाको विविध पक्षहरु बारे तथा विभिन्न कठिनाई हुँदाहुँदै पनि आ ब २०७५/०७६ को लागि तयार गरिएको बार्षिक नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

# खण्ड १ - परिचय तथा समिक्षा

## 1.1 बुलिङटार गाउँपालिकाको संक्षिप्त परिचय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाको उत्तरी भागमा अवस्थित पुर्व र उत्तरमा तनहुँ जिल्लाको देवघाट र रिषिङ गाउँपालिका पश्चिममा बौदीकाली गाउँपालिका र दक्षिणमा हुप्सेकोट गाउँपालिका देवचुली नगरपालिका र गैडाकोट नगरपालिकाको विचमा करिव १४७.६८ बर्ग कि मि क्षेत्रफलमा फैलिएको यस बुलिङटार गाउँपालिका नेपालको एउटा छुट्टै पहिचान भएको गाउँपालिका हो ।४ नं प्रदेशमा पर्ने यो गाउँपालिका साविकका जौवारीको ४ देखि ९ वटा वडाहरु, डाँडाझेरी, अर्खला, भारतीपुर, र बुलिङटार गाउँ विकास समितिहरुलाई समेटेर बुलिङटार गाउँपालिका घोषणा गरिएको हो । विश्व मानचित्रमा सम्म फैलिएको यस गाउँपालिका महाभारतको शिरसम्म उत्तर तर्फ पानी ढाल भएर ठडीएको लेक बेसी टाकुरा थुम्की खोँच फाँट देउराली भञ्ज्याङ मिलेर बनेको यो क्षेत्र समुन्द्री सतहबाट ९० मिटर देखि १८४० मिटरको उचाईमा अवस्थित छ । बन जंगल खोला खोल्सी घाँस बुट्यानले हरियाली यो क्षेत्रको लेकमा सदा सर्वदा चिसो हावा बहन्छ भने बेसी खोँच र फाँटमा मौसम अनुसारको जाडो र गर्मी हुन्छ ।

### सामाजिक, सांस्कृतिक र रितिरिवाज

१९६५६ जनसंख्या रहेको यो गाउँपालिकामा पनि देशको अन्य क्षेत्रमा जस्तै बहुल जाति धर्म र संस्कृतिको बस्ति छ । ६०% भन्दा बढी मगर जातिको बसोबास रहेको यो गाउँपालिकामा दमाई, कामि, कुमाल, क्षेत्री, बाहुन, नेवार, दराई, सार्की, गुरुङ, घर्ति, ठकुरी, कुँवर र भाट को मिश्रित र जातिगत पृथक बस्तीहरु भएपनि जातीय तथा धार्मिक सहिष्णुता र सद्भाव  यहाँको विशेषता रही आएको छ । आ-आफ्नो जाति संस्कृति अनुसार हुने विवाहको अतिरिक्त अन्तर जातीय विवाह समेत स्वीकार्य हुँदै गएको अवस्थामा छुवाछुत प्रथा पनि क्रमश हट्दै गएको छ । यहाँ बोलिने भाषामा नेपालीका साथै मगर, नेवार, दराई, र गुरुङ समुदायमा मातृभाषा पनि प्रचलनमा छ ।  हिन्दु धर्मको बाहुल्यता रहेको यस  क्षेत्रमा मठ, मन्दिर,शिला, भूमि, वृक्ष र जलमा परमेश्वरको आराधना र पुजा हुन्छ । पछिल्ला दिनमा क्रिश्चियन धर्मको चर्चहरु पनि फाटफुट रुपमा हुदैं छ । मगर जातिले बौद्ध धर्म प्रति विशेष आस्था जनाए पनि बौद्ध गुम्बा बनेको छैन । परम्परा देखि आ-आफ्ना जातीय संस्कृति अनुसार घाटु, सोरठी , वालन, मालसोरी, लोप हुने लागेपनि पन्चेबाजा, कौरा, झ्याउरे, चुड्का, आदिले अस्तित्व सम्म धान्दै आएको छ । आधुनिक प्रविधिको प्रयोगले विगतको संस्कृतिलाई किनारा लगाउने क्रम यो क्षेत्रमा पनि अन्यत्र जस्तै छ ।

चाडपर्वमा साउने सक्रान्ति, नागपन्चमी, जनैपूर्णिमा, कृष्ण जन्माष्टमी, हरितालिका तिज , वडा दशैं , दिपावली(तिहार) , पन्ध्र पुष, माघे सक्रान्ति, चैते दशैं ( राम नवमी) , गुजेरी पूर्णिमा, नववर्ष, सक्रान्ति, चण्डी पूर्णिमा, बुद्ध जयन्ति यस क्षेत्रमा मनाइने  जातिगत र सामुहिक चाडपर्व हुन ।

ऐतिहासिक धरोहर तथा सम्पदाको रुपमा झेरिखंडे दरबार, घुमारी घाट, देवचुली डाँडा, देववडाचुली आदि रहेका छन् ।

**आर्थिक पक्ष**

बुलिङटार गाउँपालिकाको प्रमुख पेशा कृषि भए पनि विस्तारै युवा वैदेशिक रोजगारमा जाने प्रवृत्ति र उत्पादनको तुलनामा लागत बढ्नाले यो पेशा प्रति आकर्षणको सट्टा विकर्षण बढ्दै छ । स्थानीय उत्पादनले यहाँका बासिन्दालाई मुस्किलले ६ महिना धान्न सक्छ । कृषि उत्पादनमा मकै, धान, तोरी, कोदो, गहुँ, फापर, मास, भटमास, गहत, बोडी, केराउ, आलु, पिडालु उखुं , अदुवा, बेसार रहेका छन् । फलफुलमा लेकतर्फ सुन्तला, कागती, अमिलो, र बेसीमा केरा, आँप , कटहर, मेवा, अम्बा, नासपाती, लिची आदि रहेका छन । यहाँ उत्पादित वस्तु मध्ये मुख्य रुपमा अदुवा, मास, बोडी, भटमास, सुन्तला, पिडालु, बेसारका साथै स्थानीय जातका खसी , कुखुरा, घ्यु, उत्पादन भएपनि औधोगिक उत्पादनका लागि पूर्वाधार विकाशमा जोड दिनु पर्नेछ ।

यहाँको मुख्य आयआर्जन माथि उल्लेखित कृषि जन्य वस्तु अम्रिसोबाट बनेको बस्तु निर्यातका साथै देश र विदेशमा रोजगारका लागि जाने युवाहरुको कमाई मुख्य स्रोत हो । खाध्य लगायत लत्ता कपडा, र निर्माण सामाग्री आपूर्तिका लागि रेमिटान्सले धानेको छ । त्यस्सैले वैदेशिक रोजगारबाट आउने रकम नै जीवन धान्ने सहारा बनेको छ ।

**शिक्षा र रोजगार**

२०१७ सालबाट मात्र औपचारिक शिक्षा शुरु भएको यस क्षेत्रमा ३०/४० को दशक सम्म आश जगाउने शैक्षिक वातावरण भए पनि पछी आएर उत्साहजनक छैन । केहि विध्यालयमा आशा जगाउने प्रयास अध्यावधि जारी छ । रोजगारका लागि स्थानीय स्तरमा उपयुक्त वातावरण नहुनाले देश भित्रकै अन्य क्षेत्रमा भारत लगायत मलेसिया, जापान, अष्ट्रेलिया, अरबी मुलुक साथै युरोप र अमेरिकामा समेत जाने क्रम जारी छ । यसरि रोजगारमा जाने मध्ये सुरुमा ब्रिटिस र भारतीय सेनामा सिमित भएको मा पछिल्ला दिनमा बहुराष्ट्रिरय आयामिक कम्पनि र घरेलु कार्यमा पनि जाने चलन छ । शिक्षा र रोजगारीका लागि विदेश जाने क्रम बढ्दो रुपमा छ ।

## 1.2 विध्यमान अवस्थाको समिक्षा

### 1.2.1 सबल पक्ष

- ✓ राज्य पुर्नसंरचनाका कारण स्थानीय तहबाट सार्वजनिक सेवा प्रवाहमा जनताको सहज सरल पहुँच हुने ।
- ✓ नजिकबाट सरकारको प्रतक्षय अनुभुति हुने ।
- ✓ ससाना कामको लागि पनि सेवा केन्द्र जिल्ला सदरमुकाम तथा केन्द्रिय राजधानी धाउन नपर्ने

- ✓ विकासका कृयाकलापको प्रतक्षय निगरानी हुने हुनाले राज्य विस्तारै समृद्दिको बाटोमा अगाडी बढने ।

## 1.2.2 कमजोर पक्ष

- ✓ हालसम्म पनि न्यूनतम पूर्वाधार जस्तै बाटो विधुत कृषि पशुपालन सञ्चार र पर्यटनको व्यवस्था तथा विकास नहुनु
- ✓ शैक्षिक गुणस्तर, नागरिक चेतनाको कमि हुनु
- ✓ प्रजा राजनीतिक संस्कारको कारण केन्द्रिय तह सम्म राजनीतिक नेतृत्वको पहुँच नहुनु
- ✓ सहमती सहकार्य तथा सहअस्तित्वको भावना आत्मसाथ गरी अगाडी बढ्न नसक्नु
- ✓ भौगोलिक विकटता

## 1.2.3 अवसर

- ✓ स्थानिय तहमा आर्थिक राजनैतिक तथा प्रशासनिक अधिकार
- ✓ आफ्नो गाउँ आफै बनाउ भन्ने नारा सहित आफ्नो क्षेत्रको विकास र समृद्दिका लागी आफैले नीति निर्माण र योजना कार्यान्वयन गर्ने अवसर
- ✓ समयमै योजनाको कार्यान्वयन अनुगमन मुल्याङ्कन तथा पृष्ठपोषण गर्ने अवसर
- ✓ ऐतिहाँसिक धार्मिक तथा पर्यटकिय धरोहर तथा सम्पदाको संरक्षण गर्दै आन्तरीक पर्यटन प्रवर्धन गरी अर्थोपार्जन गर्ने अवसर

## 1.2.4 चुनौतीहरु

- ✓ राजनीतिक सहकार्यमा सामानजस्यता कायम गर्ने
- ✓ Brain Drain रोकी आफ्नै देशमा दक्ष जनशक्ति सिप र कलालाई Retain गर्ने
- ✓ कृषि पशुपालनको क्षेत्रमा लगानी गरी आम जनताको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने तथा आर्थिक स्तर बृद्दि गर्ने
- ✓ शिक्षाको गुणस्तरमा सुधार ल्यायी व्यवहारिक शिक्षाको विकास गर्नु
- ✓ आयोजना तथा विकास परियोजनाहरु समयमै सम्पन्न नगर्ने परिपाटी र संस्कारको अन्त्य गर्नु
- ✓ युवा स्वरोजगार तथा सशक्तिकरणका माध्यमबाट कृषिको आधुनिकीकरणमा युवा जनशक्ति परिचालन गर्नु
- ✓ एकिकृत तथा नमुना सहरी बस्तीको विकास गर्नु
- ✓ खानेपानी सडक संचार विजुली जस्ता न्यूनतम विकासका पूर्वाधारहरुको विकास गर्नु

## 1.3 बार्षिक नीति बजेट तथा कार्यक्रम तर्जुमाका लागि अवलम्वन गरिएको पद्दती

- ✓ वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती टोलको योजना तर्जुमा गर्न बैठक हुने दिन मिति र समय भन्दा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी दिई बस्तीहरुका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदाय (महिला दलित आदीबासी जनजाती मधेसी थारु मुस्लिम उत्पीडीत वर्ग पिछडा वर्ग अल्पसंख्यक सिमान्तकृत युवा बालबालिका जेष्ठ नागरिक लैङिगक तथा यौनिक आदी) को प्रतिनिधित्व सुनिश्चित गरिएको ।

- ✓ बस्तीस्तरमा सरोकारवालाहरुको अधिकाधिक सहभागीता हुनेगरी वडा स्तरीय योजना छनौटका सम्बन्धमा व्यापक अन्तरकृया छलफल विमर्श गरी योजनाहरुको छनौट गरी वडा समितिमा पेश गरिएको ।
- ✓ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त बजेट सीमा र मार्गदर्शनको आधारमा सम्बन्धित वडाहरुले वस्ती टोलबाट प्राप्त योजनाहरु मध्येबाट प्राथमिकता निर्धारण समेत गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गरिएको ।
- ✓ बजेट तथा कार्यक्रम समितिले वडाबाट प्राप्त योजनाहरुलाई स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आयोजना प्राथमिकीकरणका आधार तथा मार्गदर्शन बमोजिम योजनाहरुलाई विषयगत समितिहरुमा छलफल गराई विषयगत रुपमा प्राथमिकिकरण गरी योजनाहरु तर्जुमा गरिएको ।
- ✓ बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेश गरेको आगामी आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम राजश्व र व्ययको अनुमान गाउँ कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गरिएको ।

## 1.4 आयोजना प्राथमिकीकरणका आधारहरु

- ✓ आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने ।
- ✓ उत्पादनमुलक र छिटो प्रतिफल दिने ।
- ✓ राजस्व परिचालनमा योगदान पुर्याउने ।
- ✓ सेवा प्रवाह , संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।
- ✓ स्थानीय स्रोत साधनमा आधारित भइ  जनसहभागिता अभिवृद्दि गर्ने ।
- ✓ दिगो विकास , वातावरण संरक्षण , विपद व्यवस्थापन तथा जलवायु अनुकुलनमा योगदान पुर्याउने ।
- ✓ स्थान विशेषको संस्कृति र पहिचान प्रवार्द्दन गर्ने ।

# खण्ड २ आ ब २०७५/०७६ को नीति बजेट तथा कार्यक्रम

## 2.1 सोच

"सुशासित विकासित समृद्द र आत्मनिर्भर गाउँपालिका बनाउने"

## 2.2 लक्ष्य

आर्थिक तथा उत्पादनमुलक क्षेत्रमा युवा पिडिलाई आकर्षण गरी स्वरोजगार सृजना तर्फ केन्द्रित हुने लक्ष्य रहेको छ ।

## 2.3 उद्देश्य

- ✓ विकासका न्यूनतम पूर्वाधारहरुको विकास तथा स्तरोन्नती
- ✓ कृषि पशुपालन तथा स्थानिय मौलिक उत्पादनलाई बढावा दिई त्यसको बजारीकरण
- ✓ दीगो विकास हुने खालका विकासका कृयाकलापहरु संचालन गर्ने

- ✓ आर्थिक बृद्दि र आर्थिक विकास हुने क्षेत्रको लगानीमा जोड दिने

## 2.4 अपेक्षित उपलब्धी

राज्यले संघिय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अवलम्बन गरेको र नेपालको संविधानमा नै स्थानीय तहलाई प्राप्त हुने अधिकार प्रष्ट पारेको हुँदा आ ब २०७८/०७९ सम्म यस बुलिङटार गाउँपालिकाका सम्पूर्ण सर्वसाधारण जनतालाई प्रतक्ष्य परिवर्तनको अनुभुति हुने गरी देहायबमोजिमका उपलब्धी हाँसिल हुने अपेक्षा गरिएको छ ।

- ✓ प्रत्येक वडाबाट गाउँपालिका केन्द्र सम्म जोड्ने र हरेक बस्तीबाट वडा कार्यालय सम्म जोड्ने ग्रावेल बाटो निर्माण गरिने ।
- ✓ विधुतीकरणलाई केन्दि्रय प्रसारण लाईन सँग आबद्द गरिने ।
- ✓ प्रदेश नं ४ को केन्द्र पोखरा र नवलपुर जोड्ने द्रुतमार्ग तथा कालीगण्डकी करिडोरको स्तरोन्नतीको लागी प्रदेश तथा केन्द्र सरकारसँग समन्वय गरी योजना सम्पन्नको लागि आवश्यक पहल गरिने ।
- ✓ व्यवसायिक कृषि पशुपालन तथा पर्यटन व्यवसायमा अधिकतम लगानी गरी उच्च दरमा रहेको यस क्षेत्रको वैदेशिक रोजगारीलाई क्रमश कम गर्दै लगिनेछ ।
- ✓ कम्तिमा १५ शैया सम्मको सुविधासम्पन्न अस्पताल निर्माणमा पहल गरिने छ साथै बुलिङटार गाउँपालिकाका ६ वटै वडाहरुमा रहेका उप स्वास्थ्य चौकीहरुको स्तरोन्नती गरिनेछ ।
- ✓ अर्गानिक कृषि उत्पादन तथा बजारीकरणलाई पोत्साहित गर्दै यस क्षेत्रमा आबद्द अगुवा कृषकहरुलाई पुरस्कृत गरिनेछ ।
- ✓ गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर सुधारको लागि विशेष प्राथमिकता दिईनेछ ।

## 2.5 नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख आधारहरु

- ✓ नेपालको संविधान २०७२ को अनुसूची ८ र ९ मा उल्लिखित अधिकारको सुची
- ✓ नेपालको संविधानमा उल्लिखित मौलिक हक
- ✓ राज्यका मार्गदर्शक निर्देशक सिद्दान्तहरु
- ✓ आवधिक योजनाले लिएका नीति र प्राथमिकताहरु
- ✓ संघिय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- ✓ प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु
- ✓ स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु
- ✓ नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्दताहरु
- ✓ स्थानीय सरकार संचालन ऐन , २०७४ का प्रावधानहरु

### 2.5.1 समग्र नीति तथा आधारहरु

नेपालको वर्तमान संविधान, वर्तमान त्रिवर्षिय योजना नेपाल सरकार क्षेत्रगत नीति तथा कार्यक्रम तालुक मन्त्रालयको बजेट सिलिङ तथा मार्गदर्शन प्रदेश सरकार (प्रदेश नं ४) बजेट

सिलिङ तथा मार्गदर्शन स्थानिय सरकार संचालन ऐन २०७४ स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ एवं नेपाल सरकार विभिन्न मन्त्रालयहरुबाट समयसमयमा प्राप्त नीति निर्देशन एवं मार्गदर्शन तथा स्थानीय आवश्यकता र जनचाहानाहरुलाई मध्यनजर गर्दै समग्र कार्य प्रकृयालाई अगाडी बढाउन देहायका नीति तथा कार्यक्रम अघि सारिएको छ ।

- ✓ सकारात्मक सोचका साथ समृद्दिको दुरदृष्टि तय गरि योजनाबद्द तरिकाले अघि बढ्ने नीति लिइने छ ।
- ✓ सार्वजनिक जग्गा संरक्षणका लागि गाउँपालिका भित्र रहेका ऐलानी तथा पर्ति जग्गाहरुको पहिचान तथा संरक्षण गर्न एक समिति गठन गरी त्यस्ता जग्गाहरुको पहिचान र लगत कायम गरिनेछ । यस कार्यका लागि स्थानिय संघ संस्थाको सहयोग लिईनेछ ।
- ✓ विकासका कार्यहरुलाई परिणाममुखि बनाउन नतिजामा आधारित (Result Based) विकास गर्ने परिपाटी अवलम्बन गरिनेछ ।
- ✓ स-साना टुक्रे योजनालाई निरुत्साहित गरिनेछ ।
- ✓ व्याक्तिगत घटना दर्तालाई अभियानकै रुपमा सञ्चालन गरिनेछ र सो कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विभिन्न आमा समुह बालक्लव र स्थानीय संघ संस्थालाई परिचालन गरिनेछ ।
- ✓ न्युनतम आधारभुत आवश्यकतालाई पहिलो प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- ✓ मुस्कान सहितको सेवा ( Service with Smile ) को नीति लिइनेछ ।
- ✓ सेवाग्राहिहरुको गुनासो तथा उजुरीहरुलाई तत्काल समाधान गर्ने निति लिइनेछ ।
- ✓ पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्टाका साथ सेवा प्रवाहलाई सुशासन मैत्री बनाउदै लगिनेछ ।
- ✓ लक्षित वर्गलाई प्रत्यक्ष लाभ हुने ठोस योजना (Concrete Project Lunch) निर्माण गर्ने नीति अवलम्बन गरिने छ ।
- ✓ नेपालको संविधानको धारा २१७ अनुसारको स्थानिय न्यायीक समितिलाई सबल बनाई प्रत्येक वडा कार्यालयहरुमा एउटा मेलमिलाप कक्षको स्थापना गरिनेछ ।
- ✓ अधिक जनतालाई लाभ पुग्ने र जनताको जनसहभागिता जुट्ने किसिमको योजनालाई प्राथमिकतामा राखिनेछ ।
- ✓ आवधिक योजनाहरु विकास गर्नका लागि गाउँ स्तरिय आवधिक योजना ( Rural Municipal Periodic Plan )तर्जुमा गर्नका लागि आवश्यक पहल गर्ने नीति लिइनेछ ।
- ✓ पूर्वाधार विकास र सामाजिक विकासलाई संगसंगै (Parallelly)अगाडि बढाइनेछ खर्चलाई निरुत्साहित गरिनेछ।
- ✓ गाउँपालिका अन्तर्गतका विषयगत निकायहरुले प्रवाह गर्ने सेवालाई चुस्त द्रुस्त र पारदर्शी बनाउने तर्फ ध्यान दिइनेछ ।
- ✓ गाउँपालिका अन्तर्गत संचालित ५ लाख भन्दा बढि रकमका विकास निर्माणका योजाना, आयोजाना, तथा परियोजनाहरुको प्रभावकारिता र गुणस्तरका लागि गाउँपालिकाको प्रत्यक्ष निगरानिमा संचालन गरिनेछ ।

- ✓ आम गाउँवासीको आयस्तरमा वृद्दि हुने तथा घर घरमा रोजगार सिर्जना हुने कार्यक्रमहरु संचालन गर्नका लागि Employment at Home को निति अवलम्बन गरिनेछ ।
- ✓ आर्थिक वर्षको अन्त्यमा मात्र काम गर्ने परिपाटिको अन्त्य गरि बाह्रै महिना योजना तथा विविध गतिविधिहरु संचालनमा ल्याइने ( All Weather Service and Activities ) नीति अवलम्बन गरिनेछ ।
- ✓ सार्वजनिक सुनुवाई कार्यलाई निरन्तरता दिइनेछ ।
- ✓ निर्माण कार्यको भौतिक परिक्षण गराइनेछ ।
- ✓ सहभागितामा योजना छनौट गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।
- ✓ योजना कार्यान्वयनमा उपभोक्ताको अनिवार्य संलग्नता गरिनेछ ।
- ✓ बजेटलाई अवण्डा नराखी कार्यक्रममा समावेश गरिनेछ ।
- ✓ लक्षित कार्यक्रमको बजेटलाई सोहि वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरि भौतिक तथा अन्य कार्यक्रममा लगानी गरिनेछ ।
- ✓ गाउँपालिकामा रहेका आदिवासी जनजाती महिला दलित तथा सामाजिक रुपमा पछाडी रहेका लक्षित वर्गहरुका लागि विभिन्न आयमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ✓ यस गाउँपालिकाको दिर्घकालिन योजनाहरुको रुपमा रहेका बुलिङटार रिङरोड, मथारबाट रामकोट, टाँडीस्वारा देखि धावदी, छत्तिसा माविबाट सतिकोट, हडाह अत्रौली खानेपानी, बुलिङ्टार गाउँपालिकाको चन्टारमा निर्माणाधिन रंगशाला, पुरानो पिएचसी पार्क, भारतीपुर, जौवारी, लापाक, घोरलडाँडा, कोटथर र बुलिङ्टार खानेपानीको सर्वे डिजाईन र लागत अनुमान (डिपिआर) र मास्टर प्लान गरिनेछ ।
- ✓ यस गाउँपालिकाका सम्पूर्ण जनताको पारिवारिक विवरण आर्थिक अवस्था अचल सम्पतिको अवस्था शैक्षिक स्तर लगायत गाउँपालिकाका सम्पूर्ण पक्षहरु जस्तै आर्थिक सामाजिक धार्मिक भौतिक विज्ञान सुचना प्रविधि कृषि पशु स्वास्थ्य वन पैदावर पर्यटन जलस्रोत खनिज उद्धोग साँस्कृतिक तथा ऐतिहाँसिक सम्पदा तथा अन्य प्राकृतिक सम्पदाहरुको यथार्थ अवस्था झल्किने गरि डिजिटल तथ्याङ्क संकलन वर्गिकरण तालिकीकीकरण विश्लेषण समेत गरि गाउँपालिकाको यथार्थ स्थितिको चित्रण हुने गरी डिजिटल डाटाबेस तयार गर्ने कार्यलाई अगाडी बढाईनेछ ।
- ✓ खेलकुदको माध्यमबाट पनि राष्ट्रको पहिचानलाई अन्तराष्ट्रिय स्तरमा परिचित गराउन सकिन्छ भन्ने तथ्यलाई मध्यनजर गर्दै बुलिङटार गाउँपालिकाबाट राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने र खेल जगतको माध्यमबाट युवाको सशत्तिकरण गर्दै विकासमा युवाको भूमिका अभिबृद्दि गर्नको लागि गाउँपालिका स्तरीय बृहत खेलकुदको आयोजना लाई निरन्तरता दिईनेछ ।
- ✓ यस गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनमुखी सेवामुलक गुणस्तरीय समावेशी र सहज बनाई प्रशासनिक कार्यविधिलाई सरलीकरण र संक्षेपीकरण गर्न स्थानिय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत सुचना तथा संचार प्रविधिको विकास मार्फत जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभुति दिलाउन डिजिटल नागरिक वडापत्रको कार्यलाई अगाडी बढाइएको छ भने कागज रहित

विधुतिय शासन प्रणालीको अभ्यासलाई उच्च प्राथमिकतामा राख्दै गाउँपालिका भरि High speed Broadband को Internet सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- ✓ शिक्षा व्याक्तिको विवेक र चेतनाको पुर्वशर्त हो गाउँपालिकाको सर्वाङगिण विकासको लागि समग्र शैक्षिक गुणस्तरमा सुधार ल्याउन अत्यावश्यक महशुस भएकोले शैक्षिक संघ सस्थाहरुको भौतिक पुर्वाधारहरुको विकास लगायत शिक्षाको गुणस्तर, निरन्तर सिकाई उपलब्धी मुल्याङकन, विध्यालय व्यवस्थापन समितिको भुमिका, अभिभावकको भूमिका लगायतका विषयमा सुधार ल्याउन विषेश पहल गरिने छ ।
- ✓ गाउँपालिका भित्रका सबै जनतालाई सहज र सरल रुपमा स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले वडा नं २ स्थित पेलेगामा रहेका जनताको स्वास्थ्य सुविधामा सरल पहुँच नपुगेको यथार्थतालाई मध्यनजर गर्दै बुलिङटार गाउँपालिकाको स्वास्थ्य ईकाइको रुपमा व्यवस्थापन गरी सेवा प्रवाह गर्ने उद्देश्यले ईकाइ स्थापना तथा व्यवस्थापनको कार्यको निरन्तरता दिईनेछ ।

**उपस्थित सम्मानित गाउँसभाका उपाध्यक्ष एवं सदस्यज्यूहरु**

माथि उल्लेखित नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपले कार्यान्वयन गर्न आगामी आ ब २०७५/०७६ को अनुमानित आय व्ययको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक बर्षमा बुलिङटार गाउँपालिकाको आन्तरिक आय रु २० लाख, नेपाल सरकार वितिय समानीकरण अनुदान ७ करोड ३९ लाख, नेपाल सरकार राजश्व वाँडफाँड बाट रु ५ करोड ८० लाख ४२ हजार, प्रदेश सरकार वितिय समानीकरण अनुदान बाट रु १ करोड १३ लाख ४० हजार, प्रदेश सरकार राजश्व वाँडफाँड बाट रु २२ लाख ६० हजार ९ सय ६२, नेपाल सरकार सशर्त अनुदान बाट रु १० करोड ९१ लाख, सामाजीक सुरक्षा ३ करोड ३० लाख, बहुक्षेत्रिय पोषण कार्यक्रम १३ लाख ६ हजार र अघिल्लो आ ब को बैक मौज्दात रु २ करोड ४ सय गरी कुल जम्मा आय रु ३१ करोड ९ लाख ४९ हजार ३ सय ६२ हुने अनुमान गरिएको छ । भने गाउँपालिकाको संचालन खर्च तर्फ ३ करोड ७६ लाख ६७ हजार, गाउँपालिकाको पुँजीगत खर्चतर्फ ५७ लाख, शसर्त तर्फ १० करोड ९१ लाख, सामाजिक सुरक्षा तर्फ ३ करोड ३० लाख, बहुक्षेत्रिय पोषण कार्यक्रम तर्फ रु १३ लाख ६ हजार र गाउँपालिका स्तरीय योजनाहरु (पूँजीगत खर्च) तर्फ रु १२ करोड ४१ लाख ७५ हजार ९ सय ६२ खर्च हुने अनुमान गरिएको छ । यसमा आय र व्यय विवरण तथा योजनाहरुको विस्तृत विवरण अनुसुचिहरुमा संलग्न गरिएको छ ।

## बुलिङटार गाउँपालिकाको आ.ब. २०७५/०७६ को आय अनुमान

| क्र सं | सोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | अघिल्लो आ. ब. को बाँकी | | |
| | संचित कोष खाता | 20000400 | २ करोड ४ सय |

| | | | |
|---|---|---|---|
| | चालु खाता | 0 | |
| | पूजीगत खाता | 0 | |
| २ | संघको वित्तिय समानीकरणबाट प्राप्त रकम | 73900000 | ७ करोड ३९ लाख |
| ३ | संघिय राजश्व बाँडफाँड बाट प्राप्त रकम | 58042000 | ५ करोड ८० लाख ४२ हजार |
| ४ | सशर्त (शिक्षा स्वास्थ्य कृषि पशु आयुर्वेद) | 109100000 | १० करोड ९१ लाख |
| ५ | प्रदेश समानीकरणबाट प्राप्त रकम | 11340000 | १ करोड १३ लाख ४० हजार |
| ६ | प्रदेश राजश्व वाँडफाँडबाट प्राप्त रकम | 2260962 | २२ लाख ६० हजार ९ सय ६२ |
| ७ | आन्तरीक आम्दानी अनुमान | 2000000 | २० लाख |
| ८ | सामाजीक सुरक्षा अघिल्लो आ ब को आधारमा अनुमान | 33000000 | ३ करोड ३० लाख |
| ९ | स्थानीय शासन तथा सामुदायीक विकास कार्यक्रम | 0 | |
| १० | बहुक्षेत्रीय पोषण कार्यक्रम | 1306000 | १३ लाख ६ हजार |
| ११ | गरिबसँग विश्वेश्वर कार्यक्रम | 0 | |
| १२ | पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना | 0 | |
| जम्मा | | 310949362 | ३१ करोड ९ लाख ४९ हजार ३ सय ६२ |

## बुलिङटार गाउँपालिकाको आ.ब. २०७५/०७६ को व्यय अनुमान

| क्र सं | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | चालु खर्च | 37667000 | ३ करोड ७६ लाख ६७ हजार |
| २ | गाउँपालिकाको पूजीगत | 5700000 | ५७ लाख |
| २ | पूजीँगत खर्च | 124176362 | १२ करोड ४१ लाख ७६ हजार ३ सय ६२ |
| ३ | सशर्त | 109100000 | १० करोड ९१ लाख |
| ४ | सामाजिक सुरक्षा भत्ता | 33000000 | ३ करोड ३० लाख |
| ५ | बहुक्षेत्रिय पोषण | 1306000 | १३ लाख ६ हजार |
| जम्मा | | 310949362 | ३१ करोड ९ लाख ४९ हजार ३ सय ६२ |

**cfly{s aif{M 2075÷76 को चालु aflif{s sfo{qmd**

| बजेट खर्च शिर्षक नं | बजेट खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| २१११९ | कर्मचारी पारिश्रमिक | 15,000,000 | |
| २१११२ | पारिश्रमिक पदाधिकारी | 4,500,000 | |
| २११२१ | पोशाक | 217,500 | |
| २११३२ | महंगी भत्ता | 754,000 | |
| २११३३ | फिल्ड भत्ता | 100,000 | |
| २११३४ | बैठक भत्ता कर्मचारी | 100,000 | |
| २११४१ | पदाधिकारी बैठक भत्ता | 1,730,000 | |
| २२१११ | पानी विजुली | 20,000 | |

| | | | |
|---|---|---|---|
| २२११२ | संचार | 360,000 | |
| २२२११ | पदाधिकारी ईन्धन | 300,000 | |
| २२२१२ | ईन्धन कार्यालय डोजर इन्धन समेत | 1,200,000 | |
| २२२२१ | मेशिनरी औजार मर्मत सम्भार | 1,000,000 | |
| २२२१४ | बिमा तथा नवीकरण | 90,000 | |
| २२३११ | मसलन्द तथा कार्यालय संचालन | 2,060,000 | |
| २२३१४ | ईन्धन अन्य प्रयोजन | 100,000 | |
| २२३१५ | पत्रिका छपाई तथा सुचना प्रकाशन | 2,500,000 | |
| २२४११ | सेवा तथा परामर्श | 200,000 | |
| २२४१९ | अन्य सेवा शुल्क | 1,535,500 | |
| २२५११ | कर्मचारी तालिम | 250,000 | |
| २२६११ | अनुगमन तथा मुल्याङकन पदाधिकारी समेत | 1,000,000 | |
| २२६१२ | भ्रमण खर्च | 450,000 | |
| २२७२१ | सभा संचालन खर्च | 1,000,000 | |
| २२७११ | विविध खर्च | 1,000,000 | |
| २८१४२ | घरभाडा | 400,000 | |
| २८१४९ | अन्य भाडा | 1,800,000 | |
| जम्मा | | 37,667,000 | |

# आ ब २०७५.०७६ को पूँजीगत बार्षिक कार्यक्रम

| **vr{ / ljQLo ;+s]t gDa/** | **vr{ / ljQLo zLif{s** | **clGtd ah]^** |
|---|---|---|
| 31115 | kmlg{r;{ lkmS:r;{ | 1,200,000.00 |
| 31121 | ;jf/L ;fwg | 1,000,000.00 |
| 31122 | d]lzg/L cf}hf/ | 1,500,000.00 |
| 31171 | lgld{t ejgsf] ;"wf/ vr{ | 2,000,000.00 |
| hDDff | | 5,700,000.00 |

| गाउँपालिका स्तरीय पूजीगत योजना | |
|---|---|
| थामबेशी खानेपानी आयोजना | 10200000 |
| भारतीपुर खानेपानी आयोजना | 6600000 |
| जौवारी खानेपानी आयोजना | 7400000 |
| लापाक खानेपानी आयोजना | 4400000 |
| विशालटार खानेपानी आयोजना | 3300000 |
| हडाहाटार खानेपानी आयोजना | 3700000 |
| अत्रौली खानेपानी आयोजना | 4600000 |
| बुलिङटार खानेपानी आयोजना | 15000000 |
| घोरलडाँडा लिफ्टिङ खानेपानी आयोजना | 5000000 |

| | |
|---|---|
| बुलिङटार गाउँपालिकास्तरीय रिङरोड | 10000000 |
| दामोदर बस्ताकोटी स्मृती पार्क | 1000000 |
| टाँडीसोरा देखि पेलेगा बरिमल धावदी मोटरबाट बाटो | 5000000 |
| मथारबाट टाँडीकोटा रामकोट मोटरबाटो | 5000000 |
| देउरालीबाट फिरफिरे मोटरबाटो निर्माण | 2000000 |
| माथिल्लो अर्खलामा ढल निकास निर्माण | 800000 |
| तल्लो अर्खला मोटरबाटो निर्माण | 1000000 |
| गोरखनाथ नि मा वि भवन निर्माण | 800000 |
| गाउँपालिकाको अडियो भिडियो गीत रेकर्डिङ | 250000 |
| घुमारी स्वास्थ्य शाखा निर्माण तथा व्यवस्थापन | 300000 |
| गाउँपालिकाको मेडिसिन खरिद | 1000000 |
| पेलेगा स्वस्थ्य ईकाई निर्माण | 1000000 |
| बुलिङटार बाहिरी रिङरोड दोस्रो खण्ड डी पी आर | 1500000 |
| बुलिङटार भित्री रिङरोड र टाँडीसोरा काफलडाँडा सडकको डिपिआर तयार गर्ने | 2000000 |
| बुलिङटार वडा नं १ र २ का विभिन्न सडकहरुको डिपिआर तयार गर्ने | 2000000 |
| बुलिङटार वडा नं ६ र ४ का विभिन्न सडकहरुको डिपिआर तयार गर्ने | 500000 |
| दामोदर बस्ताकोटी स्मृती पार्क र रंगशालाको गुरुयोजना तयार गर्ने | 500000 |
| घुमारीघाट पार्कको गुरुयोजना तथा डिपिआर तयार गर्ने | 2000000 |
| बुलिङटार गाउँपालिकाको सडक गुरुयोजना तयार गर्ने | 1000000 |
| बक्रमटार बाट सतिकोट सम्मको मोटरबाटो निर्माण | 5000000 |
| बुलिङटार रंगशाला | 2000000 |
| वातावरणीय प्रभाव मुल्याङकन आई ई ई | 1500000 |
| गाउँपालिका स्तरीय महिला तथा बालबालिका लक्षित कार्यक्रम | 600000 |
| बुलिङटार रिङरोडको अघिल्लो आ ब को बाकी रकम | 2700000 |
| Matching Fund | 4000000 |
| VERSE MIS Trainning | 300000 |
| LGCDP Matching Fund | 120000 |
| उपभोक्ता समितिका पदाधिकारी तथा सामाजिक परिचालकलाई योजना संचालन सम्बन्धी तालिम | 300000 |
| महिला स्वयंसेविका यातायात खर्च | 306000 |
| संस्थागत सुत्केरी यातायात खर्च | 94000 |
| भैपरी पूजीगत | 9406362 |
| जम्मा | 124176362 |

केन्द्र सरकार तथा प्रदेश सरकारसँग माग गर्ने योजनाहरु

| क्र सं | योजनाको नाम | योजनाको किसिम | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रीय प्रसारण लाईन | | |
| २ | कोटथर खाल्टेमा पक्की पुल | | |
| ३ | झेरिखण्डे दरबार पर्यटन प्रबर्दन | | |
| ४ | बुलिङटार रिङरोड | | |
| ५ | अदुवा प्रसोधन केन्द्र | | |
| ६ | बोझापोखरी बाट धौवादी जौवारी भारतीपुर हुँदै अत्रौलीमा पक्की पुल | | |
| ७ | घुमारी पर्यटन तथा धार्मिक | | |
| ८ | देबचुलीडाँडा पर्यटन तथा धार्मिक स्थल | | |
| ९ | हडाहा अत्रौलीटार सिँचाई आयोजना | | |
| १० | बसन्तपुर डाँडा पर्यटन (भ्यु टावर बत्ती पैदल मार्ग र खानेपानी) | | |
| ११ | रामेश्वरघाट र शान्ती पार्क | | |
| १२ | हडाहा ढुङ्गेनीटार बृद्दाश्रम | | |
| १३ | डीपीआर गरेका सम्पूर्ण योजनाहरु | | |
| १४ | बडाचुली मार्ग (बाह्रकोल छरछरे बुलिङटार) | | |
| १५ | बुलिङटार सिचाई योजना | | |
| १६ | बुलिङटार रंगशाला | | |
| १७ | भलायटार सिंचाई योजना | | |
| १८ | भारतीपुर खानेपानी | | |
| १९ | शिशु आश्रम विध्यालय २ कोठे भवन निर्माण | | |
| २० | उदय मावि भदौरी कम्प्युटर कक्षा भवन निर्माण | | |

## बुलिङटार गाउँपालिका, गाउँ कार्यापालिकाको कार्यालय तथा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सिफारिसको लागि देहाय बमोजिमको सेवा शुल्क दस्तुर

| क्र. सं. | विषय | सेवा शुल्क तथा दस्तुर |
|---|---|---|
| १ | नागरिता सिफारिस | रु १००/- अनुसूची फाराम बाहेक |
| २ | नागरिता प्रतिलिपि सिफारिस | रु १००/- अनुसूची फाराम बाहेक |
| ३ | चार किल्ला सिफारिस | रु १००/- थप प्रति कित्ता रु ५०/- |
| ४ | नामसारी सिफारिस | रु १५०/- थप प्रति कित्ता रु ५०/- |
| ५ | घर बाटो सिफारिस | रु १००/- थप प्रति कित्ता रु २०/- |
| ६ | सार्वजनिक मुचुल्का | रु ५००/- पाँच सय मात्र |
| ७ | अन्य सामान्य सिफारिस | रु १००/- एक सय मात्र |
| ८ | खयर कटान सिफारिस | रु १०००/- एक हजार मात्र |
| ९ | चल अचल धितो मुल्याङकन | रु ५००/- न्युनतम दश लाख माथी प्रतिलाख रु २०/- थप |
| १० | आम्दानि प्रमाणित | रु ५००/- पाँच सय मात्र |
| ११ | नाता प्रमाणित | रु ५००/- पाँच सय मात्र |
| १२ | नक्सा पास | रु ५०००/- पाँच हजार मात्र |
| १३ | पञ्जीकरण (घटना दर्ता) जन्म, विवाह, मृत्यु | ३५ दिन सम्म निशुल्क, ३५ दिनपछि जरिवाना रु १००/- |

| | | |
|---|---|---|
| १४ | सम्बन्ध बिच्छेद | रु ५००/- पाँच सय मात्र । |
| १५ | बसाईसराई | रु १०००/- एक हजार मात्र |
| १६ | व्यवसाय कर | |
| | • हार्डवयर प्रति वर्ष | रु ५०००/- पाँच हजार मात्र |
| | • सुन चाँदी पसल | रु ५०००/- पाँच हजार मात्र |
| | • होटेल | रु ४०००/- चार हजार मात्र |
| | • किराना पसल | रु २०००/- दुई हजार मात्र |
| | • फेन्सी पसल | रु ३०००/- तीन हजार मात्र |
| | • मदिरा पसल | रु १००००/- दश हजार मात्र |
| | • कपडा पसल | रु ३०००/- तीन हजार मात्र |
| | • मिल सेल्लर | रु १०००/- एक हजार मात्र |
| | • मिल होल्लर | रु १०००/- एक हजार मात्र |
| | • ट्याक्टर | रु ५०००/- पाँच हजार मात्र |
| | • डोजर | रु १००००/- दश हजार मात्र |
| | • औषधि पसल | रु २५००/- पच्चिस सय मात्र |
| | • माथि नपरेका पसलहरु | रु १५००/- पन्ध्र सय मात्र |
| १७ | संस्था दर्ता सिफारिस | रु १०००/- एक हजार मात्र |
| १८ | मालपोत प्रतिरोपनी ५ न्युनतम | रु २०/- वीस मात्र |

**<u>आदरणीय सम्मानित गाउँसभाका सदस्य ज्यूहरु</u>**

यस गाउँसभाबाट अनुमोदनका लागि देहायका विषयहरु प्रस्तुत गर्न चाहान्छु ।

1. Matching Fund मा रु ४००००००/- अक्षेरुपी रु ४० लाख विनियोजन गरिएको छ । यो रकम खानेपानी कृषि पशुपालन संस्कृति वातावरण पर्यटन तथा अध्ययन अनुसन्धानको क्षेत्र लगायत विविध शिर्षकहरुमा स्वीकृत गरिनेछ ।
2. बुलिङटार गाउँपालिका वडा नं २ को पेलेगामा सामुदायिक स्वास्थ्य ईकाई स्थापनाको लागि रु १० लाख विनियोजन गरिएको छ ।
3. गाउँपालिकाले पहिचान गरेका निर्माण सम्बन्धी योजनाहरु गाउँपालिकाको व्यवसायी दर्ताको प्रकृया अघि बढाई निर्माण व्यवसायीहरुबाट ठेक्का प्रकृयाबाट कार्य सम्पन्न गरिनेछ ।
4. गाउँपालिकाको डिपिआर गरी ठेक्का प्रकृयामा लगिने योजनाहरु बहुबर्षे योजना मानी कार्यान्वयन गरिनेछ ।
5. लक्षित कार्यक्रम वडाको समन्वयमा गाउँपालिकाबाट संचालन गरिनेछ ।
6. महिला स्वास्थ्य स्वयमं सेविकाहरुलाई प्रोत्साहन स्वरुप यातायात खर्च बापत मासिक रु ५०० उपलब्ध गराईनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

7. पुर्ण संस्थागत सुत्केरी गाउँपालिका घोषणा गर्नको लागि घरमा हुने सुत्केरी लाई संस्थागत सुत्केरी गराउनको लागि पोत्साहन स्वरुप नेपाल सरकारबाट सशर्तमा विनियोजित रकममा थप गाउँपालिकाले प्रतिव्याक्ति रु १००० प्रदान गर्नेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
8. शिक्षा कृषि पशु स्वास्थ्य बन महिला घरेलु र सहकारी सम्बन्धी कार्यक्रमहरु गाउँपालिकाको सम्बन्धित शाखाको समन्वयमा संचालन गरिनेछ ।
9. कुनैपनि कार्यक्रमका लागि उपभोत्ता समिति गठन गरी ठेक्का दिईएको पाईएमा कार्यक्रम रोक्का गरी सो कार्यक्रमको बजेट गाउँपालिकाबाट पहिचान भएका अन्य कुनै योजनामा लगाईने छ ।
10. कुनै कारणबस कुनै कार्यक्रम संचालन गर्न सक्ने अवस्था नरहेमा सोहि प्रकृतिको काममा मात्र रकम लगानी गर्न सकिनेछ । शिर्षक नै परिवर्तन हुनेगरी कार्यक्रम संसोधन गर्न पाईनेछैन ।
11. योजनाहरु समयमा नै सम्झौता नभई आर्थिक बर्षको अन्तिममा सम्झौता गरी फरफारक गर्ने परिपाटीलाई निरुत्साहित गरी यो आर्थिक बर्षको पुस मसान्तबाट कुनैपनि उपभोक्ता समितिहरुसँग योजना सम्झौता गरिनेछैन । साथै आर्थिक बर्षको अन्तिममा योजना संचालन गर्ने असारे विकासको संस्कारलाई निरुत्साहित गर्दै सम्पूर्ण योजनाहरु जेठको मसान्तसम्म सम्पन्न गरी असारको ५ गते भित्र फरफारक गरिनेछ । असारको ५ गतेपछि पेश हुने कुनै पनि योजनाको फरफारक गर्न गाउँपालिका बाध्य हुनेछैन ।
12. गाउँपालिका स्तरिय योजनाहरु संचालन गर्दा उपभोक्ता समितिसँग सम्झौता भई कार्य सम्पन्न भएपछि योजनामा अपुग रकम वितरण गर्ने पुरानो संस्कारको पुर्ण अन्त्य गरिनेछ ।
13. बुलिङटार गाउँपालिकाको सहकारी ऐन २०७५ पारित गरिएको छ ।
14. बुलिङटार गाउँपालिकाको विनियोजन ऐन २०७५ पारित गरिएको छ ।

अन्त्यमा,

उल्यखित निति तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि बढाउन गाउँपालिका कार्यालय प्रतिवद्द भएको व्यहोरा अनुरोध गर्न चाहन्छु। सीमित श्रोतको उपलब्धताका कारण गाउँवासीहरुको अपेक्षा अनुरुप पूर्ण रुपमा सम्बोधन गर्न नसकिएता पनि क्रमिकरुपमा सम्बोधन गर्दै जान सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरि गाउँपालिका अगाडि बढ्दै जानेछ। यस गरिमामय सभामा उपस्थित हुनुभएका गाउँसभाका सम्पुर्ण महानुभावहरु, सहभागितात्मक गाउँ विकास योजना तर्जुमा प्रक्रियामा सहयोग पुर्याउनु हुने राजनितिक दलका प्रमुख एवं प्रतिनिधि, सरकारि तथा गैर सरकारी कार्यालयका प्रमुख, गाउँपालिकाका कर्मचारी, टोल विकास समितिका संयोजक सबैलाई धन्यवाद दिँदै , निरन्तर सहयोग र सहकार्य गर्नुहुने गाउँ स्तरिय प्रतिनिधि ज्यु यस गरिमामय गाउँ परिषद्का प्रस्तावित निति कार्यक्रम तथा  बजेटले गाउँवासीका चाहना र आवश्यकतालाई केहि हद सम्म भए पनि पुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै बजेट वक्तव्य यहि अन्त्य भएको व्यहोरा सम्मानित गरिमामय तेस्रो गाउँ समक्ष निवेदन गर्दछु।